नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २१० २०८१ साल चैत ९ गते शनिबार (22 Mar. 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : राजमार्गलाई ग्रामीण सडक ... ३ पृष्ठमा : ढल्केबर-बारा प्रसारण ... ३ पृष्ठमा : जलस्रोतले समृद्ध ब्राजिल ...

## मानव आश्रमबाट छोरा बेपत्ता भएपछी चिन्तामा आमा

**दैनिक समाचारदाता**
**राजविराज, ८ चैत ।**

फलामे सिक्रीमा बाँधेर विगत ५ वर्ष देखी घरमै राखिएका एक बालकलाई उद्धार गरि उपचारका लागी आश्रमले लिएर गएको छोरा प्रविण ९ महिनापछि वेपत्ता भएका छन् ।



आश्रमबाटै वेपत्ता भएकपछी उनकी बृद्ध आमा चिन्तामा डुबेकी छिन । सप्तरीको शम्भुनाथ नगरपालिका ७ वस्ने ६० वर्षिया आमा इश्वरी देवी चौधरी यसरी चिन्तामा डुबेकी हुन ।

आर्थिक अभावका कारण उनले सुस्त मनस्थितीका २३ वर्षिय छोरा प्रविणको उपचार गराउन नसकी घर मै फलामे सिक्रीमा बाँधेर विगत ५ वर्ष देखी राखेका थिए । आर्थिक अभावमा उपचार गराउन नसकी सुस्त मनस्थितीका छोरालाई यसरी बाँधेर राखिएको खबर पाएपछि पुगेको जनकपुरस्थित मानव सेवा आश्रमको टोलीले गत २०८१ असार ४ गते उद्दार गरी लगेको थियो ।

मधेश प्रदेशका तत्कालिन बन राज्यमन्त्री रञ्जु मण्डल, प्रदेश सांसद महेश प्रसाद यादव, तत्कालिन प्रमुख जिल्ला अधिकारी मेख बहादुर मंग्राती, इन्सेक सप्तरी प्रतिनीधी मनोहर पोखरेल तथा आश्रमका मधेश प्रदेश इन्चार्ज विवेक महतो, आश्रमका सचिव सुमन बर्तौलाको उपस्थितीमा उद्दार गरी आश्रमले लगेकोमा फागुन ६ गते प्रविण भागेर सम्पर्क विहिन भएको भनी आश्रमले वडाअध्यक्ष गोपाल चौधरीलाई खबर गरेको थियो ।

सात वर्ष अघि उनले श्रीमान् परशुरामलाई गुमाएकी थिइन । मुटुमा देखिएको समस्या रकम अभावका कारण समयमै उपचार गराउन नसक्दा उनका श्रीमान परशुरामको मृत्यु भएको थियो । कान्छो छोरा सन्तोष मजदुरीका सिलसिलमा हाल काठमाडौंमा छन ।

आश्रमका सचिव सुमन बर्तौलाले शुक्रवार सञ्चारकर्मीहरुसीतको कुराकानीमा आश्रमका केही सरसमानका साथै फोहर उठाउन गाडी आएको वखत ढोका खोलेको मौका छोपी लुकेर प्रविण भागेको बताएका छन् ।

हाल आर्थिक समस्याका कारण एकजना मात्र सुरक्षा गार्ड राख्न सकिएको र उनी मुल ढोका मै लोडिङ कार्यमा व्यस्त रहेका बेला अचानक प्रविण भागेको उनको भनाइ छ । यहाँ ल्याउने व्यक्तीलाई घरमा जस्तो बाधेर राख्ने प्रचलन आश्रममा नरहेको र प्रविणमा क्रमशः सुधार हुदै गएको अवस्थामा एक्कासी भागे पछि आफुहरु चकित परेको उनको भनाई छ ।

प्रविण भागेपछि उनको हुलीयासहित खोज तलासमा सहयोग गरिदिन प्रहरीका जिल्लादेखी केन्द्र सम्मका उच्च अधिकारीलाई आग्रह गरिएको उनले बताए ।

आर्थिक अभावका बावजुद पनि प्रविणको उपचार र खानपीनको व्यवस्था आश्रमले गर्दै आएको बताउँदै उनले प्रविण एक्कासी भाग्नु आफुहरुका लागी पनि दुखःद र दुर्भाग्यपुर्ण भएको सुनाए ।

आश्रमलाई राज्यपक्षबाट समय मै आवश्यक बजेट उपलब्ध हुन नसक्दा ५ महिनादेखी घर भाडा र दुई महिनादेखी कर्मचारीहरुले तलब पाउन नसकेको दुःखेसो समेत उनले सुनाए ।

## गोइत नेतृत्वको मोर्चाको नाम परिवर्तन गरि “फ्रि लैण्ड लिवरेशन फ्रन्ट” राखियो

**दैनिक समाचारदाता**
**राजविराज, ८ चैत ।**

विगत दुई दशकदेखी भूमिगत भई नेपालमा सशस्त्र आन्दोलन चलाइरहेका जयकृष्ण गोइत नेतृत्वको जनतान्त्रिक तराई मुक्ति मोर्चा ( क्रान्तिकारी) को नाम परिवर्तन गरिएको छ ।



गोइतले शुक्रबार एक प्रेस विज्ञप्ति जारि गर्दै मोर्चाको नयाँ नाम “फ्रि लैण्ड लिवरेशन फ्रन्ट” राखिएको जनाएका छन् ।

जारि विज्ञप्तिमा क्रान्तिकारी राजनीतिक संगठनलाई आजैको मितिदेखी “फ्रि लैण्ड लिवरेशन फ्रन्ट” लेख्न र बोल्न सकिने भन्दै नयाँ नामाकरण गरिएको उल्लेख छ ।

“सन् १९५० का भरत-नेपाल तथा ब्रिटेन नेपाल बीच काठमाडौंमा सम्पन्न भएको दुवै सन्धिहरुको धारा ८ को आधारमा आधारमा हाम्रो मातृभूमीको वस्तुस्थिति एउटा “स्वतन्त्र भूमि हो । प्रकारान्तरले हाम्रो मातृर्भुाम एक स्वतन्त्र राष्ट्र राज्य हो । हाम्रो मामि स्वतन्त्र राष्ट्र राज्य भए पनि यस भूमिमाथि नेपाली शासकहरुले बलपूर्वक ओनिवेशिक नश्लीय शासन गर्दै आएकोले २०६१, श्रावण १० देखि हामी स्वतन्त्र भूमि फ्री लेण्ड को मुक्तिको निम्ति बलिदानीपूर्ण सघर्ष गर्दै आएको कुरा सर्वविदितै छ ।” विज्ञप्तिमा नाम परिवर्तन गरिएको विषय बारे कारण यसरी उल्लेख गरिएको छ ।

विज्ञप्तिमा अगाडी भनिएको छ, “हाम्रो स्वतन्त्र राष्ट्र राज्यको ऐतिहासिकताको यथार्थ जानकारीको लागि नेपाल र भारतको इतिहास मात्र होईन कुरा सर्वविदितै छ । हाम्रो स्वतन्त्र राष्ट्र राज्यको ऐतिहासिकताको यथार्थ जानकारीको लागि नेपाल र भारतको इतिहास मात्र होईन कि नेपाल र भारतको साझा प्रचीन इतिहास अर्थात भारतीय उपमहाद्वीपको प्राचीन इतिहासको यथेष्ट राम्ररी उत्पन्न र विश्लेषण पश्चात जनतान्त्रिक तराई मुक्ति मोर्चा कान्तिकारी) को नाउँ फेरि सो ठाउँमा “फ्रि लैण्ड लिवरेशन फ्रन्ट फेरिएको छ ।”

## ठूलो परिमाणमा बरामद गाजा नष्ट



**दैनिक समाचारदाता**
**राजविराज, ८ चैत ।**

जिल्लाको विभिन्न स्थानबाट ठूलो परिमाणमा बरामद लागुऔषध गाजा शुक्रबार सप्तरी प्रहरीले नष्ट गरेको छ ।

राजविराज नगरपालिका १५ स्थित खाडो खोला छेउमा २४ क्विन्टल भन्दा बढी गाजा नष्ट गरिएको प्रहरीले जनाएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## प्रत्येक पालिकामा आपत्कालीन गोदामघर व्यवस्थापन गरिने

काठमाडौं, ८ चैत (रासस) ।

गृह मन्त्रालयले विपद् प्रतिकार्यका लागि आवश्यक सामग्रीसहित मुलुकभरका स्थानीय तहमा आपत्कालीन गोदामको व्यवस्थापन गर्न पहल गरेको छ ।

गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा शुक्रबार गृह मन्त्रालयमा बसेको विषयगत समितिको बैठकले विपद् जोखिम न्यूनीकरण कार्यलाई प्रभावकारी बनाउन जोखिमको नक्साङ्कन, सुरक्षित बासस्थान निर्माण, पूर्वतयारी, प्रतिकार्य, पुर्नलाभ, पुनःस्थापनाका कार्य राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिहरूले समन्वायत्मक रूपमा गर्ने निर्णयसमेत भएको छ ।

**खाना पकाउने ग्याँस प्रयोगमा सावधानी अपनाऔं ।**

- सलाई, लाइटरजस्ता प्रज्वलनशील सामग्री बालबालिकाले भेट्ने गरी नराखौं,
- ग्याँस बालेर भान्साकोठा छाडेर नजाऔं,
- ग्याँस सिलिण्डरलाई सकेसम्म भान्सा कोठाभन्दा बाहिर राखौं,
- प्रयोग मिति यकीन गरेर मात्र ग्याँस सिलिण्डर खरिद गरौं,
- ग्याँस सिलिण्डरको पाइप समय-समयमा जाँच गरौं,
- आवश्यकताभन्दा बढी ग्याँस सिलिण्डर सञ्चय नगरौं,
- कुनै खराबी वा टुटफूट भए तुरुन्त मर्मत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### रुढिवादी विचार त्यागौं

कतै जातजाति त कतै रंगको आधारमा भेदभाव गरिंदैछ भने कतै लिङ्गका आधारमा विभेद गरिदै आएको छ। हाम्रो मुलुकको संविधानले कुनै पनि प्रकारको भेदभावलाई गैरकानुनी भनेको छ। नेपाल जस्तो विकासशील देशमा मात्र नभई विकसित मुलुकहरुमा समेत जात, धर्म, लिङ्ग, रंग भेद जस्ता भेदभावहरु कायमै रहेको छ। विभिन्न ऐन, कानून र नियमावलीहरु समेत निर्माण नभएका होइनन्। तर, अहिले पनि धार्मिक रुपमा, जातिय रुपमा, लैङ्गिक रुपमा आदि विभेदहरु कायमै रहेको छ।

कानूनी रुपमा दण्ड सजायको व्यवस्था गरिएपनि व्यवहारमा अहिले पनि यस्ता भेद्भाव कायमै रहेको छ। यस्तो अवस्थामा पनि विभिन्न खाले विभेद कायमै रहनु दुखद हो। जात, धर्म, लिङ्ग, वर्ण आदिका रुपमा विभेद अहिले पनि कायमै रहनु भनेको हाम्रो पछौटेपनाको द्योतक हो।

हामी अब पनि यस्ता मानसिकता त्यागनु जरुरी छ। तसर्थ आफ्ना मनमस्तिष्कबाट रुढिवादी विचारलाई मुक्त गरौं र सबैसँग खाले भेद्भावलाई उन्मुलन गर्नेतर्फ अग्रसर भएमात्र त्यस्ता विचारलाई परास्त गर्न हामी सक्षम हुन्छौं।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# राजमार्गलाई ग्रामीण सडक सञ्जालमा जोड्दै

**लोकेन्द्रप्रसाद यादव**

गोलबजार (सिरहा), ८ चैत (रासस)।

कुनै बेला साँघुरो सडक र सडकै छेउमा फुसको छाप्रो, त्यसभित्र ससाना पसल मात्रै देखिने सिरहाको लक्ष्मीपुरपतारी गाउँपालिकास्थित ग्रामीण बजारहरूको स्वरुप यतिबेला फेरिएको छ। सडक डिभिजन कार्यालय लहान सिरहाले सिरहा-सप्तरी-उदयपुरको ग्रामीण बस्तीका सडक निर्माणमा तदारुकता देखाएपछि गाउँहरू विकासको मूलधारमा जोडिन थालेका छन्।

बजारको स्वरुप फेरिएसँगै त्यस क्षेत्रका स्थानीयहरूमा पहिलाको भन्दा बेग्लै खालको उत्साह देखिन थालिएको छ। "पहिला बजार क्षेत्रमा साँघुरो सडक र फुसको छाप्रो, त्यहीभित्र सानासाना व्यवयासी मात्र थियो," लक्ष्मीपुरपतारी गाउँपालिकाका श्याम यादव भन्नुहुन्छ, "तर अहिले सडक फराकिलोसँगै बजारमा ठूलठूला पक्की भवन र ठूलो पसलहरू खुल्न थालेका छन्।" कुनै बेला दुर्गम मानिने सिरहाको लक्ष्मीपुरपतारी गाउँपालिकास्थित विद्यापती मार्गअन्तर्गत पर्ने छपरारी-पोखरभिण्डा-खुर्कियाही सडक छेउका बस्तीहरू सुगम क्षेत्र बनेका छन्।

लक्ष्मीपुरपतारी गाउँपालिकालाई केही वर्षअघि सम्म दुर्गम क्षेत्रका रूपमा मानिथ्यो तर अहिले ती क्षेत्रले आफ्नो पुरानो पहिचान फेरेको छ। यतिबेला लक्ष्मीपुर पतारी क्षेत्र मधेस प्रदेशकै पर्यटकीय क्षेत्रका रूपमा विकास हुन थालेको छ। यसको प्रमुख कारण हो पूर्व-पश्चिम राजमार्गसम्म जोडिएको विद्यापती मार्ग सडकको कालोपत्र। पूर्व-पश्चिम राजमार्गलाई जोड्ने उत्तर दक्षिण ग्रामीण ती सडक कालोपत्र भएसँगै लक्ष्मीपुरपतारी क्षेत्रका स्थानीयवासीको अनुहारमा यतिबेला मुस्कान छाएको छ।

पूर्व-पश्चिम राजमार्गस्थित छपरारीदेखि भारतीय सिमानाका बहहरीसम्मको उक्त सडक स्तरोन्नतिसँगै सडक डिभिजन कार्यालय लहान सिरहाले सडक कालोपत्र गरेपछि स्थानीयहरूलाई आवतजावतमा सहज मात्रै होइन, हिलो र धुलोबाट मुक्त भएका छन्। "छपरारी बजारदेखि बडहरीसम्मको पुग्न पहिला मोटरसाइकलमा डेढ घण्टासम्म लाग्दथ्यो", पोखरभिण्डा गाउँका स्थानीय सन्तोष साह भन्नुहुन्छ, "तर सडक कालोपत्र भएपछि अहिले मुस्किलले १५ मिनेटमै पुगिन्छ।"

सडक डिभिजन कार्यालय लहानले सिरहा, सप्तरी र उदयपुर जिल्लाका जीर्ण सडकहरूको स्तरोन्नतिसँगै कालोपत्रको कार्य तीव्र रूपमा अघि बढेसँगै दुर्गम मानिएका ग्रामीण क्षेत्रहरू अहिले सुगम क्षेत्र बन्दै गएको छ। सडकहरू निर्माण भएपछि विकासले गति लिनाका साथै हजारौं युवाले स्थानीयस्तरमै रोजगारीको अवसर प्राप्त गरेका छन्। "पहिला पहिला सडक जीर्ण हुँदा सवारीसाधन त्यति नचल्दा गाउँमा उत्पादन भएको तरकारी सहज रूपमा लहान बजारसम्म पुऱ्याउन समस्या हुन्थ्यो", लक्ष्मीपुर पतारीका श्रवण महतो भन्नुहुन्छ, "तर अहिले थुप्रै सङ्ख्यामा अटो रिक्साहरू चल्न थालेपछि ती बालीहरू बजार पुऱ्याउन सकिरहेका छौं।" यसबाट किसानसमेत उत्साहित भएको उहाँको भनाइ छ।

वर्षौंदेखि जीर्ण रहेको सो सडक स्तरोन्नतिसँगै कालोपत्रको काम अन्तिम चरणमा पुगेको छ। रु १८ करोड ७४ लाख ९९ हजार नौको लागतमा २०७९ असार २३ मा ठेक्का सम्झौता गरी काम सुरु गरेको सिद्धबाबा अम्भुजा जेभी काठमाडौँले सडक स्तरोन्नति तथा कालोपत्रको काम गरिरहेको छ। २०८२ असारसम्ममा उक्त सडकको काम सकिने समयावधि रहे पनि हालसम्म ९४ प्रतिशत काम सम्पन्न भइसकेको निर्माण कम्पनीका प्रतिनिधि सब-इन्जिनियर नरेशकुमार मण्डलको भनाइ छ। उहाँका अनुसार गाउँ क्षेत्रमा १२ मिटर चौडाइ र गाउँबाहिर १० मिटर चौडाइ सडक स्तरोन्नति गरिहेको छभने गाउँ क्षेत्रमा नाला निर्माण गरिएको छ।

निर्माणाधीन विद्यापती मार्गको निर्माण कार्य अन्तिम चरणमा रहेको डिभिजन सडक कार्यालय लहानका प्रमुख डिभिजनल इन्जिनियर आशुतोष कर्णले बताउनुभयो। प्राविधिक रूपमा केही 'भेरियसन' गर्नुपर्ने भएकाले सडकको बाँकी कार्य छिट्टै अगाडि बढाइने उहाँको कथन छ।

यस्तै सप्तरीको सुरुङ्गा नगरपालिका-७ कदमहा चौक हुँदै चकदह, प्रमाणपुर र वडा नं १० पटेर्वा चोकसम्म निर्माणाधीन सडकको काम पनि तीव्र रूपमा भइरहेको छ। कुल आठ किलोमिटर ५०० मिटर लामो सो सडकमा हालसम्म करिब पाँच किलोमिटर सडक कालोपत्र गर्ने चरणमा पुगेको डिभिजन सडक कार्यालय लहानले जनाएको छ।

गौरी पार्वती के एन्ड केजी जेभीले २०८१ मङ्सिर १७ गतेसम्म काम सक्नेगरी २०७९ मङ्सिर १८ मा ठेक्का सम्झौता गरेकामा रकम सुनिश्चित नगरिँदा केही ढिलाइ भए पनि अहिले काम तीव्र रूपमा भइरहेको निर्माण कम्पनीका प्रतिनिधि इन्जिनियर भूपेन्द्र सिफैलया बताउनुहुन्छ। उहाँले थपिएको म्यादअघि नै काम सकिने गरी निर्माणको काम अघि बढेको बताउनुभयो।

बलान नदीको छेउबाट निर्माण भइरहेको सो सडकले आवागमनमा सहजता मात्र नभई बलान नदीले बर्सेनि गर्दै आएको कटान र डुबानको समस्या समाधान हुने स्थानीयको बुझाइ छ। "हाम्रो लागि यो बाटो अत्यन्तै महत्वपूर्ण र वरदान नै बनेको छ," बैरवनका स्थानीय जीवछ यादव भन्नुहुन्छ, "सडक निर्माण भएपछि गाडी गुडाउन पनि सहज हुन्छ र बर्खायाम बलान नदीले गर्ने कटान र डुबानबाट समेत बचाउँछ। यो हाम्रो लागि ठूलो उपलब्धि हो।"

कुल रु २७ करोड आठ लाख १६ हजारको लागतमा निर्माण भइरहेको यस सडकको भौतिक प्रगति ३३ प्रतिशत रहेको निर्माण कम्पनीका प्रतिनिधि विश्व सुवेदीको भनाइ छ।

यस्तै उदयपुरको पुरानो सडकसँग सप्तरी लोकमार्ग दूरी छोट्याउन २०२५ सालमा 'ट्र्याक' खोलिएको मोतिगढा-जोगीदह खण्ड निर्माणको कामले पनि तीव्रता पाएको छ। करिब १२ किलोमिटरको सो सडकलाई पनि कालोपत्र गर्ने गरी काम अघि बढेको डिभिजन सडक कार्यालय लहानका प्रमुख कर्ण बताउनुहुन्छ।

कर्णका अनुसार नेपाल सरकारको निर्वाचन क्षेत्र रणनीतिक सडक योजनाअन्तर्गत सङ्घीय संसद्को एउटा निर्वाचन क्षेत्रमा कम्तीमा २५ र बढीमा रु ४० करोडसम्मको लागतमा सडकहरू निर्माण भइरहेको छ। ती योजनाअन्तर्गत उदयपुरको निर्वाचन क्षेत्र नं १ मा पर्ने सदरमुकाम गाईघाट जोड्ने जिल्लाकै पुरानो सडक मोतिगढा-जोगीदह खण्डमा कालोपत्र गर्न लागिएको छ। दुई लेनको सडक कालोपत्र गर्ने गरी रु २८ करोड ४३ लाख ४६ हजारमा ठेक्का सम्झौता गरी धमाधम काम गरिरहेको छ। आवश्यक पर्ने रकम सुनिश्चित नगरिँदा त्रियुगा नगरपालिका-१, २ र ३ तथा चौदण्डीगढी नगरपालिका-१०, ९, २ र ५ को सुन्दरपुर हुँदै सप्तरीको फत्तेपुर जोड्ने ३० किलोमिटर सडकअन्तर्गत मोतिगढा-जोगीदह-रुपनीसम्मको करिब १२ किलोमिटरको सडक आव २०८१/८२ को अन्त्यसम्ममा सम्पन्न गर्ने लक्ष्य पूरा हुन नसकेको निर्माण व्यवसायी मनिकुमार दाहालले बताउनुभयो। उक्त सडकलाई दुई लेनको बनाएर कालोपत्र गर्ने गरी अघिल्लो आवमा आर्थिक वर्ष काम वर्ष सुरु गरेको थियो।

डिभिजन सडक कार्यालय लहानका इन्जिनियर सञ्जीव साहका अनुसार सडक स्तरोन्नतिसँगै चौडा पार्ने र दायाँबायाँ नाली निर्माण, ठूलासाना गरी २२ वटा कलभर्ट निर्माण सम्पन्न भई नाला निर्माण गर्नेलगायत कामहरू भइरहेको छ। करिब रु २५ करोडभन्दा बढी लागत अनुमान रहेको सो योजनामा सरकारले चालु आवमा रु अढाई करोड मात्र बजेट उपलब्ध गराएको छ।

# सार्वजनिक लेखा समितिले उजुरीको निष्कर्ष १५ दिनभित्र गर्ने

काठमाडौँ, ८ चैत (रासस)।

प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिले ४८ वटा उजुरी छानबिन गरी १५ दिनभित्र निष्कर्षमा पुऱ्याउने निर्णय गरेको छ।

समितिको शुक्रबारको बैठकले त्यसका लागि विषयगत रूपमा सातवटा उजुरी अध्ययन कार्यदल गठन गर्ने निर्णय गरेको सभापति ऋषिकेश पोखरेलले जानकारी दिनुभयो।

बैठकमा उहाँले भन्नुभयो, "सात दिनभित्र समिति सचिवालयले सबै उजुरीका सम्बन्धमा तत्तत् निकायसँग प्रतिक्रिया माग गर्ने तथा १५ दिनभित्र सबै उजुरीलाई निर्णयमा पुऱ्याइनेछ।"

समितिले छानबिनका लागि छनोट गरेका उजुरीमा नेपाल टेलिकमसँग सम्बन्धित ६, धितोपत्र बोर्डसगँ सम्बन्धित पाँच, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मातहतको नागरिक उड्डयन प्रधिकरण, लुम्बिनी विकास कोष, नेपाल वायुसेवा निगमसँग सम्बन्धित ६ छन्।

त्यसैगरी नेपाल स्काउट, नेपाल टेलिभिजन, वैदेशिक रोजगार विभाग, अर्थ मन्त्रालय, अमेरिकी सरकारको मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी), क्रसर उद्योग, विद्युत् प्राधिकरण, मोबाइल बैंकिङ, दूरसञ्चार प्राधिकरण, स्वास्थ्य सेवा विभाग, पराष्ट्रमन्त्रालय, खेलकुद परिषद् तथा सहरी विकास मन्त्रालयसँग सम्बन्धित उजुरी रहेको समितिको सचिवालयले जनाएको छ।

सरकारी जग्गा फिर्ता, केन्द्रीय अनुसन्धान ब्युरोको सिम लोकेटर खरिद, बिमा र बाटो ग्राभेलसँग जोडिएका उजुरी पनि छन्। विसं २०८० वैशाख १५ गते समिति गठन भएयता एक सय वटा उजुरी परेकामा समितिका सदस्य सञ्जयकुमार गौतमको संयोजकत्वमा गठित उपसमितिले ४८ वटा मात्र छानबिन गर्न सिफारिस गरेको थियो। अरु ५२ वटा उजुरी भने अख्तियारले छानबिन गरिरहेको,

बाँकी तीन पृष्ठमा

# ढल्केबर-बारा प्रसारण लाइन निर्माण सम्पन्न

काठमाडौँ, ८ चैत (रासस)।

देशभित्रको विद्युत् प्रसारण प्रणाली सुदृढीकरण तथा विश्वसनीय बनाउन र नेपाल-भारतबीचको विद्युत् व्यापार विस्तारका लागि निर्माणाधीन हेटौँडा-ढल्केबर-इनरुवा ४०० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत ढल्केबर-बारा खण्ड निर्माण सम्पन्न भएको छ।

धनुषाको ढल्केबर सबस्टेसनदेखि पश्चिमतर्फ पर्ने महोत्तरी, सर्लाही, रौतहट हुँदै बारा र मकवानपुरको सिमानामा पर्ने सरस्वती डाँडासम्मको १०० किलोमिटर प्रसारण लाइन निर्माण सम्पन्न भएको हो। धनुषाको ढल्केबरबाट पूर्वतर्फ पर्ने सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ स्थित इनरुवा सबस्टेसम्मको १५४ किलोमिटर ४०० केभी डबल सर्किट प्रसारण लाइन निर्माण निर्माणसम्पन्न भई गत असारदेखि सञ्चालनमा आइसकेको छ।

ढल्केबरबाट पश्चिमतर्फको विद्युत् प्रवाहलाई थप सहज बनाउन रौतहटको चन्द्रनिगाहपुर (चपुर) बजार नजिक रहेको जङ्गलसम्मको करिब ६० किलोमिटर ४०० केभी प्रसारण लाइनको एउटा सर्किटलाई १३२ केभीमा सञ्चालनमा (चार्ज) ल्याइएको छ। हाल चालु रहेको पूर्व-पश्चिम १३२ केभी प्रसारण लाइनलाई उक्त स्थानमा 'ट्यापिङ' गरी बिहीबार नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको उपस्थितिमा ४०० केभी प्रसारण लाइनलाई १३२ केभीमा चार्ज गरिएको हो।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले ढल्केबरबाट पश्चिमतर्फ र पश्चिमबाट ढल्केबरतर्फ विद्युत् पठाउन हाल रहेको पूर्वाधार संरचनाको बाधा हटाउन निर्माण सम्पन्न भएको ४०० केभीलाई १३२ केभीमा चार्ज गरिएको बताउनुभयो।

"हिउँदयाममा हाल देखिएको ऊर्जा अभावलाई समाधान गर्न ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनबाट दिउँसो थप विद्युत् भारतबाट आयात गर्न सकिन्छ, यसबाट कुलेखानी जलाशय, माथिल्लो तामाकोशी, कालीगण्डकी, मर्स्याङ्दी, मध्यमर्स्याङदीजस्ता अर्धजलाशययुक्त आयोजनाको पानी दिउँसो जम्मा गरी साँझको पिक र राति चलाउन सकिन्छ, यसबाट ढल्केबरबाट पश्चिमतर्फको विद्युत् आपूर्ति व्यवस्थापनमा थप सहज हुनेछ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो।

बर्खायाम सुरु भएपछि देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् पश्चिमबाट ढल्केबरतर्फ प्रवाह गरी भारतमा हुने विद्युत् निर्यातको परिमाण बढाउन सकिने तथा हाल चालु रहेको १३२ केभी प्रसारण लाइनको कन्डक्टर फेरेर क्षमता बढाउने काम अगाडि बढाउन सहज भएको उहाँले बताउनुभयो।

प्राधिकरणले मकवानपुरको हेटौँडादेखि ढल्केबरसम्मको १३२ केभी डबल सर्किट प्रसारण लाइनको स्तरोन्नति (तार फेर्ने) को काम गरिरहेको छ। पूर्व-पश्चिम १३२ केभी डबल सर्किट प्रसारण लाइनको क्षमता वृद्धि गर्न हेटौँडादेखि ढल्केबर सबस्टेसनसम्मको करिब १३६ किलोमिटर खण्डमा पर्ने कम क्षमताको पुरानो तारलाई बदलेर उच्च क्षमता ९ज्भनज त्भ्कउभचबतगचभ ायध क्बन( ज्तेक ० को नयाँ तार राख्न लागेको कार्यकारी निर्देशक घिसिङले बताउनुभयो।

यसमध्ये हेटौँडाबाट बाराको पिलुवा सबस्टेसनसम्मको दुवै सर्किटको तार फेर्ने काम सम्पन्न भइसकेको छ। ढल्केबरबाट सर्लाहीको लालबन्दीसम्मको एउटा सर्किटको काम सम्पन्न भएको छ। स्थानीयको अवरोधका कारण लालबन्दीभन्दा अगाडि तार फेर्ने काम रोकिएको छ। तार फेर्न लाइन बन्द (सट डाउन) गर्नुपर्ने र यसले गर्दा त्यस क्षेत्रको विद्युत् आपूर्ति नै प्रभावित हुने भएकाले काम अगाडि बढ्न सकेको थिएन। अब ४०० केभीलाई १३२ केभीमा चार्ज गरिएकाले उक्त लाइनबाट विद्युत् प्रवाह गरी तार फेर्ने काम अगाडि बढाउन सकिने कार्यकारी निर्देशक घिसिङको भनाइ छ।

अहिले पुरानो १३२ केभी प्रसारण लाइनबाट करिब २०० मेगावाट विद्युत् प्रवाह हुँदै आएकामा कन्डक्टर बदलेपछि क्षमता वृद्धि भई करिब ४०० मेगावाट प्रवाह हुन्छ। यसबाट त्यस क्षेत्रमा विद्युत् आपूर्तिमा सुधार हुने, पश्चिम क्षेत्रमा उत्पादित विद्युत्लाई पूर्वतर्फ थप प्रवाह गर्न सकिने र देशभित्र खपत गरी बढी भएको विद्युत्लाई ढल्केबर सबस्टेसनमार्फत भारततर्फ निर्यात गर्न सकिन्छ।

मकवानपुरको हेटौँडा उपमहानगरपालिका-११ स्थित थानाभन्ज्याङस्थित हेटौँडा सबस्टेसनबाट इनरुवा सबस्टेसम्मको २८८ किलोमिटर ४०० केभी प्रसारण लाइनलाई दुई खण्डमा विभाजन गरी निर्माण सुरु गरिएको थियो। प्रसारण लाइनलाई

***बाँकी अन्तिम पृष्ठमा***

## *सार्वजनिक लेखा ...*

अदालतमा मुद्दा चलिरहेको तथा केही उजुरीमा लगाइएको आरोप आग्रह र पूर्वाग्रहबाट मात्र प्रेरित देखिएको, समितिको कार्यक्षेत्रभित्र नपरेका तथा त्यसमा सत्यताको अंश कमजोर भएको उपसमिति सदस्यहरूको भनाइ थियो।

पोखरा र भैरहवा विमानस्थल निर्माणमा भएको भनिएको अनियमितता छानबिन उपसमितिलाई पनि आगामी १५ दिनभित्र प्रतिवेदन बुझाउन बैठकले निर्देशन दिएको छ।

समितिका सदस्यद्वय योगेशकुमार भट्टराईको संयोजकत्वमा भैरहवा र राजेन्द्र लिङ्देनको संयोजकत्वमा पोखरा विमानस्थल निर्माणका बखत भएको भनिएको अनियमितता छानबिन गर्न गठित उपसमितिले काम गरिरहेको छ।

राष्ट्रको सम्पत्ति दुरुपयोग र अनियमिता नहोस् तथा भ्रष्टाचार अन्त्य र सुशासन प्रवर्द्धनमा सहयोग पु¥याउने किसिमका समितिमा प्राप्त उजुरीको तत्काल छानबिन गरी निष्कर्षमा पु¥याउन ढिलाइ गर्न नहुने सदस्यहरूको भनाइ थियो।

बैठकमा समितिका सदस्य रामकृष्ण यादवले जिल्ला प्रहरी कार्यालयको उजुरी शाखा जस्तो जुनसुकै उजरी लिँदा समितिको ओज खस्कन सक्ने हुँदा त्यो पाटोमा ध्यान पुर्‍याउन सुझाव दिनुभयो।

केही सदस्यहरूले भने समितिले दिएका निर्देशनलाई सरकारले वास्ता नगरेकै कारण कार्यान्वयमा जान नसेको गुनासो गर्नुभयो। उहाँहरूले समितिले दिएका निर्देशन के-कति कार्यान्वयन भए नभएकाबारे सम्बन्धित निकायसँग जानकारी माग गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो। सदस्यहरूले देशको हित चाहने र नागरिकलाई राहत दिने हो भने समितिमा प्रवेश पाएका विषयलाई निष्कर्षमा पु¥याउनुपर्ने सुझाव दिनुभयो।

पछिल्लो समय समितिमा प्राप्त थप १६ वटा उजुरीबारे छानबिन गर्न पनि सदस्य गौतमकै संयोजकत्वमा रहेको उपसमितिलाई जिम्मेवारी दिइएको छ।


# राजविराज नगरपालिका

७ नं. वडा कार्यालय

पत्र संख्या -२०८१ ०८२

चलानी ८६

मिति - २०८१/१२/०७

राजविराज नगरपालिका

०७ न वडा कार्यालयबाट जारी भएको ३५ दिने सुचना

उपरोक्त सम्वन्धमा जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं.०१ हाल परिवर्तित राजविराज नगरपालिका वडा नं ०७ बस्ने स्व. तुरन्ती साह सोनारको बुहारी स्व. देव नारायण साह सोनारको पत्नी अनिता देवी यस कार्यालयमा उपस्थि भई माग गरे अनुसार मेरो पती स्व.देव नारायण साह सोनारको मिति २०६४/१०/१८ गते आफ्नै कालगतीले स्वर्गवास हुनु भएको निजको म एक मात्र धर्म पत्नी अनिता देवी भएकोले मेरो स्व. पती देव नारायण साह सोनार समेत ४ दाजु भाईहरु शिव नारायण साह,जय नारायण साह,चन्द्र नारायण साहर बद्री नारायण साह समेतको नाउँमा सयुक्त दर्ता कायम रहेको तपसिलका जग्गा मा मेरो पती स्व. देव नारायण साहको सट्टामा म एक मात्र पत्नी अनिता देवी को नाउ समावेश का लागी नामसारी दर्ता गर्न सिफारिस गरी पाउं भनी मिति २०८१।१२।०७ गते मा दं. नं. ८५४ मा निवेदन दिएको हुँदा सो सम्बन्धमा उक्त जग्गामा मृतक देव नारायण साह सोनारको हकमा निवेदीका वाहेक अरु कोही कसैको हक दावी हक अपुताली भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा उजूरी दिन आउनु होला अन्यथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम भै जाने ब्यहोरा जानकारी को लागी अनुरोध छ।

तपसिल

स्व.देव नारायण साह सोनार,शिव नारायण साह,जय नारायण साह,चन्द नारायण साह र बद्री नारायण साह समेत को नाउँमा सयुक्त दर्ता कायम रहेको जग्गा

| सि.न | जिल्ला | गा.बि.स./न.पा | वडा न | कित्ता न | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सप्तरी | राजविराज | ०७ | १७४ | ०-२-० | |

सुभाष चन्द्र यादव

वडा अध्यक्ष


## विश्व समाचार

### जलस्रोतले समृद्ध ब्राजिल अझै सुख्खा हुँदै

रियो डि जेनेरो, ८ चैत (रासस/एएफपी)।

ब्राजिल पृथ्वीको १२ प्रतिशत ताजा पानीको भण्डार भएको घर हो र यसको धेरै भाग अमेजनमा छ। तर शुक्रबार एक प्रतिवेदनले जलवायु परिवर्तन र वनबाट कृषिमा भूमि रूपान्तरणले प्रभाव पार्दै गर्दा प्राकृतिक सतहको पानी गुमाउँदै गरेको बताएको छ। म्याप बायोमास अनुगमन प्लेटफर्मको पछिल्लो तथ्याङ्कअनुसार सन् २०२३ देखि गत वर्षसम्म देशले चार लाख हेक्टर जलीय सतह गुमाएको छ। यो लगभग अमेरिकी राज्य रोड आइल्यान्डको आकार बराबरको क्षेत्र हो। पछिल्लो १६ वर्षमा केवल सन् २०२२ ले वृद्धि देखिएको छ र १९८५ देखि मुलुकले सुख्खा, सहरी विकास र जमिनमुनिको पानीको सतहबाट अति पम्पिङका कारण करिब २४ लाख हेक्टर नदी र तालको सतह गुमाएको छ। "भूमि अधिग्रहण र उपयोगको गतिशीलता, साथै विश्व तापमानले गर्दा भएका चरम जलवायु घटनाहरूले ब्राजिललाई अझ सुख्खा बनाउँदै छन्", म्यापबायोमास अगुआ प्रतिवेदनका समन्वयक जुलियानो शिर्मबेकले विश्व जल दिवसअघि प्रतिवेदनमा भन्नुभएको छ, "यी तथ्याङ्कले यस प्रवृत्तिलाई उल्टयाउने अनुकूलन जल व्यवस्थापन रणनीति र सार्वजनिक नीतिहरूको आवश्यकताबारे चेतावनीका रूपमा काम गर्दछन्।" ब्राजिलले नोभेम्बरमा अमेजन राज्य पाराको राजधानी बेलेममा कोप-३० संयुक्त राष्ट्र जलवायु सम्मेलनको आयोजना गर्नेछ। ब्राजिलको सतहको लगभग दुई तिहाइ पानी अमेजनमा पाइन्छ, जसले ग्रह-तापक्रम कार्बन डाइअक्साइड अवशोषित गर्दछ र जलवायु नियमनमा महत्त्वपूर्ण भूमिका खेल्छ। गत वर्ष अमेजनमा सतहको पानीको विस्तार सन् २०२२ को तुलनामा ४५ लाख हेक्टरले सङ्कुचित भएको प्रतिवेदनले बताएको छ। यो डेनमार्कको आकारको क्षेत्र बराबर हो। गत वर्ष खडेरी र डढेलोले ध्वस्त पारिएको पान्टानल सिमसार क्षेत्र सन् २०२४ मा पानीको सतहबाट सबैभन्दा बढी प्रभावित बायोम थियो। यो सन् १९८५ पछि मापन गरिएको औसतभन्दा ६१ प्रतिशत कम थियो। मानव निर्मित जलाशय र बाँध जस्ता जलाशयहरू सन् १९८५ देखि ५४ प्रतिशतले विस्तार भए पनि यसले प्राकृतिक ताजा पानीको स्रोतको नोक्सानीको क्षतिपूर्ति गर्न नसकेको प्रतिवेदनमा उल्लेख छ।

### एलन मस्कको एक्सद्वारा सामग्री नियमनमा भारत सरकारविरुद्ध मुद्दा दर्ता

मुम्बई, ८ चैत (रासस/एएफपी)।

एलन मस्कको सोसल मिडिया प्लेटफर्म एक्सले सोसल मिडिया सामग्री हटाउन अनुरोध गर्न नियन्त्रण आदेशको प्रयोग गरेकामा भारत सरकारविरुद्ध मुद्दा दायर गरेको छ। विश्वको सबैभन्दा ठूलो लोकतन्त्र भारत नियमित रूपमा सामाजिक सञ्जाल सामग्री हटाउन सरकारले गरेको अनुरोधको सङ्ख्याका लागि विश्वव्यापी रूपमा शीर्ष पाँच देशमध्ये एक हो। एक्सको नयाँ मुद्दा प्लेटफर्मको भारतीय सरकारको सेन्सरशिप शक्तिहरू विरुद्धको नवीनतम चुनौती हो र यो मुद्दा मस्कको स्टारलिङ्क र टेस्ला विश्वको पाँचौं सबैभन्दा ठूलो अर्थतन्त्रमा प्रवेश गर्न तयार भएको बेला आएको हो। यो मुद्दा अवरुद्ध गर्ने आदेशहरू जारी गर्न सरकारले प्रमुख कानूनी प्रावधानको प्रयोगको वरिपरि केन्द्रित छ, जुन एक्सले विद्यमान सुरक्षा उपायहरूलाई बेवास्ता गरेको आरोप लगाउँछ। "एक्सका अनुसार यो प्रावधान... सूचना अवरुद्ध गर्नका लागि गैरकानूनी समानान्तर संयन्त्र सिर्जना गर्न दुरुपयोग भइरहेको छ", भारतीय कानूनी समाचार वेबसाइट बार एन्ड बेन्चले बिहीबार जनाएको छ। यस हप्ताको सुरुमा छोटो सुनुवाइमा कुनै निष्कर्षमा पुग्न नसकेपछि दक्षिणी राज्य कर्नाटकको भारतीय अदालतले २७ मार्चमा यो मुद्दाको सुनुवाइ गर्नेछ। मस्कको सोसल मिडिया प्लेटफर्म भारतमा सामग्री नियमनमाथि कानूनी द्वन्द्वहरूका लागि अपरिचित छैन। सन् २०२३ मा भारतीय अदालतले प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारको आलोचना गर्ने ट्वीटहरू र खाताहरू हटाउने आदेशलाई चुनौती दिने उसको अपिललाई खारेज गरेपछि प्लेटफर्मलाई ६१ हजार डलर जरिवाना गरेको थियो। लगभग एक वर्षपछि एक्सले 'विशिष्ट खाताहरू र पोस्टहरूमा' अवरुद्ध गर्ने सरकारको आदेशहरूलाई चुनौती दिने अपिल विचाराधीन रहेको बताएको छ। "हाम्रो स्थितिसँग मिल्दो रूपमा भारतीय सरकारको अवरुद्ध आदेशहरूलाई चुनौती दिने एक लिखित अपिल विचाराधीन छ। हामीले हाम्रा नीतिहरू अनुसार प्रभावित प्रयोगकर्ताहरूलाई यी कार्यहरूको सूचना पनि प्रदान गरेका छौँ", कम्पनीले सन् २०२४ फेब्रुअरीमा एक्समा भनेको थियो, "कानूनी प्रतिबन्धका कारण हामी कार्यकारी आदेशहरू प्रकाशित गर्न असमर्थ छौँ तर तिनीहरूलाई सार्वजनिक गर्नु पारदर्शिताका लागि आवश्यक छ भन्ने हामी विश्वास गर्छौं, यो प्रकटीकरणको कमीले जवाफदेहिताको कमी र स्वेच्छाचारी निर्णय-निर्माणतर्फ डोर्‍याउन सक्छ।"

### आप्रबासीका लागि घातक बर्ष : संयुक्त राष्ट्रसंघ

जेनेभा, ८ चैत (रासस/एएफपी)।

गत वर्ष आप्रवासीका लागि सबैभन्दा घातक वर्ष भएको र विश्वभर करिब नौ हजार मानिसको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घले शुक्रबार जनाएको छ। यो रोकथाम योग्य भएपनि सहन नसकिने पीडा भएको राष्ट्रसङ्घले बताएको छ। "सन् २०२४ मा विश्वभर आप्रवासनका क्रममा कम्तीमा आठ हजार ९३८ जनाको मृत्यु भएको छ," संयुक्त राष्ट्रसङ्घको आप्रवासन निकायले भनेको छ। अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (आईओएम) का उपनिर्देशक उगोची डेनियल्सले भन्नुभयो, "विश्वव्यापी आप्रवासीको मृत्युको बढ्दो सङ्ख्याको त्रासदी असह्य र रोकथाम योग्य दुवै छ।" डेनियल्सले भन्नुभयो, "क्षति विनाशकारी छ तर हरेक मृतक सङ्ख्याको पछाडि कही न कही मानवीय कमजोरी नै कारक रहेको छ।"आईओएमले भनेको छ, 'आप्रवासीको मृत्यु र बेपत्ता हुनेको वास्तविक सख्या धेरै बढी हुन सक्छ, किनकि आधिकारिक स्रोतको अभावका कारण धेरै जना कागजातविहीन ठहर भएका छन्।" अधिकांश पीडितको पहिचान र अन्य विवरण अज्ञात रहेको बताइएको छ। सन् २०२४ मा एसिया, अफ्रिका र युरोपमा क्रमशः दुई हजार ७ ७८, दुई हजार २४२ र २३३ जनाको मृत्यु भएको थियो।युरोप पुग्न चाहनेहरूका लागि मुख्य प्रवेशद्वार भूमध्य सागरमा दुई हजार ४५२ जनाको मृत्यु भएको जनाइएको छ। अमेरिकाको अन्तिम तथ्याङ्क उपलब्ध नभए पनि अहिलेसम्मको अनौपचारिक तथ्याङ्कअनुसार कम्तीमा एक हजार २३३ जनाको मृत्यु भएको छ। यसमा "सन् २०२४ मा क्यारेबियन क्षेत्रमा अत्यधिक ३४१ जनाको ज्यान गएको थियो र कोलम्बिया र पनामाको बीचमा डेरिएन जङ्गल पार गर्ने १७४ जना आप्रवासीहरूको मृत्यु रेकर्ड भएको थियो। डारिएन जङ्गल कुनै समय संयुक्त राज्य अमेरिका पुग्न चाहने मानिसहरूको लागि मुख्य प्रवासी करिडोर थियो।

# निःशुल्क स्वास्थ्य जाँच शिविरमा ९ जनाको बिना अपरेशन उपचार



**दैनिक समाचारदाता राजविराज, ८ चैत ।**

जनज्योती कृषि सहकारी संस्था लि. राजविराजले आफ्ना शेयर सदस्यहरुका लागि निःशुल्क स्वास्थ्य जाँच शिविरको आयोजना गरेको छ।

पायलस, फिसर र फिसटुला रोग सम्बन्धी एन्जला फाउण्डेशनको प्राविधिक सहयोग र संस्थाको समन्वयमा शुक्रबार संस्थाकै कार्यालयमा निशुल्क स्वास्थ्य जाँच शिविरको आयोजना गरिएको हो।

उक्त शिविरमा २० जना पुरुष र १५ जना महिला गरि ३५ जनाले स्वास्थ्य जाँच गराएका थिए। जसमा २ जना महिला र ७ जना पुरुषको बिना अपरेशन उपचार गरिएको संस्थाका अध्यक्ष विश्वनाथ मण्डलले जानकारी दिएका छन्।

डा. बिजय किशोर ठाकुर र डा. ललित नारायण राम तथा प्राविधिकसहित १३ जनाको टोलीले स्वास्थ्य जाँच गरेका थिए।

यसअघि फागुन २ गते सोही फाउण्डेशनको सहयोगमासंस्थाका शेयर सदस्यहरुका लागि स्वास्थ्य सचेतना कार्यक्रममार्फत स्वास्थ्य स्क्रिनिङ गरिएको थियो।

# कामना बैंकद्वारा विद्यार्थीलाई लक्षित गरि वित्तिय साक्षरता कार्यक्रम



**दैनिक समाचारदाता राजविराज, ८ चैत ।**

राजविराजस्थित कामना सेवा विकास बैंकले कलेजका विद्यार्थीहरुलाई समेटेर वित्तिय साक्षरता कार्यक्रमको आयोजना गरेको छ।

बैंकद्वारा सातात्यापी रुपमा मनाईने 'ग्लोबल मनी विक' को तेह्रौं संस्करण अन्तर्गत शुक्रवार उक्त वित्तिय साक्षरता कार्यक्रमको आयोजना गरेको हो।

स्थानिय क्षितिज एजुकेशन कलेजको ५५ जना विद्यार्थीको सहभागितामा बैंकद्वारा सो कार्यक्रमको आयोजना गरिएको शाखा प्रबन्धक सूर्यनारायण मुखियाले जानकारी दिएका छन्।

राष्ट्रबैंकको नीति र योजना अनुसार वित्तिय सचेतना अभिवृद्धिमा सहयोग पुऱ्याउने, विद्यार्थीलाई वित्तिय सेवा प्रदायक संस्थाका गतिविधिबारे जानकारी दिने र लगानीका क्षेत्रबारे सही जानकारी गराउने उद्देश्यका साथ यस्तो कार्यक्रमको आयोजना गरिएको उनको भनाइ छ।

'ग्लोबल मनी विक' मुलतः किशोर किशोरी तथा युवा युवतीमा वित्तिय शिक्षाको महत्वबारे जागरण ल्याउने उद्देश्य रहेको उनको भनाई छ।

कार्यक्रममा शाखा प्रबन्धक मुखियाका साथै शाखाका समन्वय प्रबन्धक प्रशान्त भगत, रत्न यादव कलेजका संचालक सदस्य केशव झा, प्राध्यापक राजदेव यादव लगायतले वित्तिय शिक्षाको महत्व र वित्तिय सेवाका आधारभूत पक्षबारे विद्यार्थीहरुलाई ज्ञान बाँडेका थिए।

# कांग्रेस महाधिवेशन २०८२ मङ्सिर भित्रै हुनुपर्छ : नेता डा कोइराला

काठमाडौँ, ८ चैत (रासस)।

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले पार्टीको १५औँ महाधिवेशन २०८२ मङ्सिर मसान्तभित्रै हुनुपर्ने बताउनुभएको छ।

नेपाली कांग्रेस मोरङ-काठमाडौँ सम्पर्क समितिले शुक्रबार काठमाडौँमा आयोजना गरेको 'देशको वर्तमान अवस्था, चुनौतीहरू र नेपाली कांग्रेसको भूमिका' का विषयक अन्तरक्रिया कार्यक्रममा नेता डा कोइरालाले महाधिवेशन २०८२ मङ्सिर मसान्तभित्र नभए पार्टी कमजोर हुँदै जाने बताउनुभयो। उहाँले महाधिवेशन समयमै गर्न सबैले आवाज उठाउनुपर्ने बताउनुभयो।

"महाधिवेशन २०८२ मङ्सिरभित्र नभए कांग्रेस कमजोर हुँदै जान्छ। त्यतातिर ध्यान दिनुपर्छ, यो एकदम संवेदनशील कुरा हो," नेता डा कोइरालाले भन्नुभयो। उहाँले राजनीतिक दल र नेतृत्वप्रति जनताको वितृष्णा बढेको उल्लेख गर्दै जनताको निराशालाई हटाउन जरुरी भएको धारणा राख्नुभयो।

नेता डा कोइरालाले कांग्रेस जनताको पार्टी भएकाले कांग्रेसप्रति नागरिकको विश्वास कायमै रहेको बताउनुभयो। जनतासँग गरेका वाचा पूरा गर्न अग्रसर हुनुपर्ने बताउँदै उहाँले नेतृत्व नसुध्रिए अप्ठ्यारो परिस्थिति सिर्जना हुने जिकिर गर्नुभयो। "नेपाली कांग्रेस जनताको पार्टी हो। नेपाली कांग्रेसलाई अहिले पनि जनता विश्वास गर्छ। तर, हामी सुध्रिनुपऱ्यो। जनतासँग गरेका वाचाहरूलाई पूरा गर्न अग्रसर हुनुपऱ्यो। त्यो गरेनौँ भने अप्ठ्यारो परिस्थिति सिर्जना हुन्छ," नेता डा कोइरालाले भन्नुभयो। कांग्रेसको ध्यान सत्ता र सरकार केन्द्रित भइरहेको उहाँको भनाइ थियो।

### *ठूलो परिमाणमा ...*

खाडो खोला छेउमा जिल्ला प्रहरी कार्यालय र सप्तरी जिल्ला अदालतका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि र संचारकर्मीहरुको उपस्थितिमा आगो लगाएर नष्ट गरिएको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए।

प्रहरीले उक्त अवधीमा बरामद गरेको अन्य गाजा एकै दिन नष्ट गर्न सम्भव नभएकाले प्रक्रिया पुरा गरि बाँकी रहेका गाजा शनिबार नष्ट गरिने जनाएको छ।

उक्त गाजाहरु चोरी तस्करी गरि भारततर्फ लैजादै गरेको अवस्थामा र गोदाममा भण्डारण गरि राखिएको अवस्थामा प्रहरीले डेढ महिना यता नियन्त्रणमा लिएको थियो।

### *ढल्केबर-बारा ...*

हेटौँडा-ढल्केबर १३४ किलोमिटर र ढल्केबर-इनरुवा १५४ किलोमिटरलाई दुई खण्डमा विभाजन गरिएको छ। यसमध्ये ढल्केबर-इनरुवा खण्ड निर्माणसम्पन्न भई सञ्चालनमा आइसकेको छ। हेटौँडा-ढल्केबर खण्ड निर्माणाधीन छ।

यस खण्डअन्तर्गत हेटौँडा उपमहानगरपालिका-१५, १६ तथा १७ स्थिति हटिया क्षेत्रका केही स्थानीयले प्रसारण लाइनको रुट सार्न माग गर्दै करिब ८ वर्षदेखि निर्माणमा अवरोध गरिरहेका छन्। हटिया क्षेत्रमा १६ वटा र हेटौँडा-११ स्थित थानाभऱ्याङमा दुईवटा गरी १८ वटा टावर निर्माण गर्न बाँकी छन्। बाँकी दुईवटा टावर निर्माणाधीन छन्।

आयोजना नेपाल सरकार तथा प्राधिकरणको लगानी र विश्व बैङ्कको सहुलियतपूर्ण ऋणमा नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार परियोजनाअन्तर्गत सुरु गरिएको हो। विश्व बैङ्कको ऋण अवधि सकिएपछि बाँकी काम हाल सरकार र प्राधिकरणको लगानीमा भइरहेको छ।

# आगलागीका घटनामा ६ को मृत्यु, ३८ परिवार विस्थापित

काठमाडौँ, ८ चैत (रासस)।

गएको एक महिनामा देशका विभिन्न क्षेत्रमा लागेको आगलागीबाट ६ जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा एक पुरुष, चार महिला र एक बालक रहेका छन्। ती आगलागीका घटनमा ३० पुरुष, २६ महिला, ६ बालक र तीन बालिका घाइते भएका छन्।

एक महिनामा देशभर ५०१ आगलागीका घटना भएका नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक दिनेशकुमार आचार्यले जानकारी दिनुभयो। आगलागीबाट ८७ घर र ५७ गोठमा क्षति भएको छ। आगलागीबाट १४६ पशुचौपाय मरेका छन्। घटनापछि ३८ परिवार विस्थापित भएका छन्। आगलागीबाट रु ४० करोड ४८ लाख बराबरको क्षति भएको छ। विभिन्न स्थानमा लागेको आगलागी नियन्त्रणका लागि तीन हजार ६१४ प्रहरी परिचालन गरिएको उहाँले जानकारी दिनुभयो।

सबैभन्दा बढी कोशी प्रदेशमा १३५ आगलागीका घटना भएका थिए। मधेस प्रदेशमा १०५, बाग्मती प्रदेशमा ४४, काठमाडौँ उपत्यकामा ४९, गण्डकी प्रदेशमा ३३, लुम्बिनीमा ६४, कर्णालीमा ३० र सुदूरपश्चिम प्रदेशमा ४१ आगलागीका घटना घटेका प्रवक्ता आचार्यले जानकारी दिनुभयो। वर्षा कम भएको र सुक्खा मौसमका कारण देशका ठाउँठाउँमा आगलागीका घटना भइरहेका छन्। अब आगलागीका घटना बढ्ने भएकाले सचेत हुन गृहमन्त्रालयले सबैमा अनुरोध गरेको छ।


**राजविराज नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

राजविराज, सप्तरी

मधेश प्रदेश, नेपाल

## उपभोक्ता समिति गठन सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१/१२/०९

उपरोक्त सम्बन्धमा आ.व.२०८१/०८२ मा यस पालिकाबाट संचालन गरिने तपसिल बमोजिमको योजनाहरुको तपसिल बमोजिमको मिति, समय र स्थानमा उपभोक्ता समिति गठन हुने भएको हुँदा उक्त मिति, समय र स्थानमा उपस्थित भई उपभोक्ता समिति गठनमा भाग लिनु हुन यस न.पा. को वडा नं.४ र ६ को उक्त योजना प्रत्यक्ष उपभोग गर्ने वडा बासीहरु लाई आग्रह गर्दछु।

तपसिल :

| सि.नं. | शिर्षक/योजनाको स्तर | बजेट रकम रु. | उपभोक्ता समिति गठन हुने | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | मिति | समय | स्थान | |
| १ | सप्तरी राजविराज न.पा.४ माछा हटियामा सार्वजनिक ट्वाइलेट निर्माण कार्य/सप्तरी राजविराज न.पा.६ लिल्जा टोलमा बाटो निर्माण कार्य | ५० लाख | २०८१/१२/१५ | १ बजे दिउँसो | राजविराज नगरपालिकाको सभाहल | |

मनोज कुमार यादव
योजना अधिकृत

मनोज कुमार यादव
योजना अधिकृत
राजविराज नगरपालिका


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेबसाइट :** *rajbirajdainik.com.np*